आज मिति २०८२।०२।२१ गते दिउँसो ४:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

नं. १६/२०८१।०८२

**मिति :२०८२।०२।२१ गते दिनको ४:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८२।०२।०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णणयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८२।०२।२० गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ५९.८३ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ३५.५७ प्रतिशत रकम खर्च भएको साथै २०८२।०२।२० गते सम्म आन्तरिक राजश्व तर्फ २ करोड ६३ लाख ४८ हजार ८ सय ६९ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८२।०२।०५ देखि २०८२।०२।२० गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार ४५ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको र ९ वटा योजनाहरूको अनुगमन भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम छलफल सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति कार्यक्रमका लागि विषयगत समिति, विषयगत शाखा तथा अन्य सरोकारवालासगँ समन्वय गरी कार्यपालिकामा पेश गर्न अघिल्लो कार्यपालिकाको बैठकबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नीति तथा कार्यक्रम मस्यौदा तयारी समिति गठन भएकोमा उक्त समितिबाट नीति कार्यक्रमको प्रारम्भिक मस्यौदा तयार गरी पेश भएको हुँदा उक्त मस्यौदा उपर छलफल गरी संशोधन सहित सत्रौं नगर अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

५. **आ.व. २०८२।०८३ को योजना छनौट सम्बन्धमा।**

निर्णय : आ.व. २०८२।०८३ को लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार वडाहरूलाई २०८२ जेठ ७ गते सम्म र शाखाहरूले २०८२ जेठ २० गते सम्म तथा सम्ममा विनियोजित बजेट सिमा भित्र रही योजना तथा कार्यक्रम तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गर्न पत्राचार गरिएकोमा हाल सम्म सबै वडाबाट योजना कार्यक्रम प्राप्त नभएको हुँदा मिति २०८२।०२।२७ गते सम्म पेश गर्न बाँकी वडाहरूको लागि जानकारी गराउने साथै प्राप्त भएको वडाहरूको योजना/कार्यक्रमहरू बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

६. **नगर अधिवेशनको मिति तय गर्ने सम्बन्धमा।**

निर्णयः बुद्धभूमि नगरपालिकाको सत्रौं नगर अधिवेशन २०८२।०३।०६ गते शुक्रबारको दिन १:३० बजे यस नगरपालिकाको बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुड्ढीमा बस्ने गरी मिति तोक्ने निर्णय गरियो।

प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

७) **हालसम्मको योजना प्रगति सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८२।०२।२० गते सम्म सडक, सिचाई तथा अन्य पूर्वाधार शाखाबाट प्राप्त विवरण अनुसार १४ वटा योजना तथा कार्यक्रमहरु सम्पन्न भई फरफारकको लागि पेश भएको साथै १४ वटा योजनाहरूको निर्माणको अन्तिम चरणमा रहेको व्यहोरा जानकारी प्राप्त भयो।

८) **नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** **क)** बुद्धभूमि नगरपालिका अन्तर्गत रहेका विभिन्न खोलाहरूबाट नदीजन्य पदार्थ व्यवस्थापनको लागि सूचना प्रकाशन भई ४ वटा खोला (गुडरूङ खोला, अगिया खोला, वाणगंगा खोला, बेलगुडरूङ खोला) सम्झौता भएको हाल सम्म तपसिल बमोजिमको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा निकासी भएको जानकारी प्राप्त भयो।

**तपसिलः**

| क्र.स. | खोलाको नाम | कुल परिमाण | उत्खनन भई हाल सम्म नापजाँच भएको परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बेल गुडरूङग | १२५७५.५० घ.मि. | ७५८२.९३ घ.मि. | |
| २ | गुडरूङ्ग | १८६३० घ.मि. | १८७७८.५४ घ.मि. | बढी भएको परिमाणको नियमानुसार राजश्व असुल गर्ने |
| ३ | अगिया | २९७०० घ.मि. | १७५७०.७७ घ.मि. | |
| ४ | वाणगंगा | २९०७० घ.मि. | २४४०९.६९ घ.मि. | |

**ख)** गुडरूङ खोलाको ठेक्का यही मिति २०८२।२।११ गतेदेखि नदीजन्य पदार्थ उत्खनन कार्य बन्द गरिएको हुँदा नापजाँच भएको परिमाण मात्र अषाढ मसान्त सम्म निकासी गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

**ग)** बुद्धभूमि नगरपालिका वडा नं. ३ को च.नं. ९८३ मिति २०८१।१२।३१ गतेको पत्रानुसार वडा नं. ३ अन्तर्गत पर्ने झिगंवा खोलाले बोक्तापुर गाँउदेखि पश्चिममा रहेको खेतीयोग्य जमिन तथा वस्ती नै कटान गरेको हुँदा आवश्यक पहल गरिदिनुहुन भनी सिफारिस साथ अनुरोध भई आएकोमा नगर विपद् व्यवस्थापन समितिले निर्णय गरी जिल्ला विपद व्यवस्थापन समितिमा पेश गरिएकोमा सोही अनुसार प्रमुख जिल्ला अधिकारीज्यूको टिमबाट अनुगमन गरी प्रतिवेदनमा उल्लेखित नदीजन्य पदार्थबाट विपद् हुन नदिने गरी व्यवस्था मिलाउन प्राविधिक लागत अनुमान तयार गर्न लगाई उक्त नदीजन्य पदार्थ सोही स्थानमा ड्याम बनाई व्यवस्थापन गर्ने निर्देशन प्राप्त भए बमोजिम उक्त कार्य गर्न लाग्ने लागत अनुमान बमोजिमको खर्च विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

९) **वडा नं. १, २, ३, ४, ७ र ९ लाई बालश्रम मुक्त वडा घोषणा गर्ने सम्बन्धमा।**

**निर्णयः** बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ को परिच्छेद ३ मा उल्लेखित सूचकहरू पुरा भएको भनी नगरपालिकाका वडा नं. १, २, ३, ४, ७ र ९ वडाबाट वडा समितिको निर्णय सहित बालश्रम मुक्त वडा घोषणा गर्न सिफारिस भई आएकोमा नगरस्तरीय स्थानीय समन्वय समितिद्वारा विभिन्न मितिमा अनुगमन गरी नगर प्रमुख समक्ष निर्णय तथा प्रतिवेदन पेश भएको हुँदा उक्त प्रतिवेदनको आधारमा बुद्धभूमि नगरपालिका वडा नं. वडा नं. १, २, ३, ४, ७ र ९ लाई बाल श्रम मुक्त वडा घोषणा गर्ने साथै उक्त घोषणाको सूचना प्रकाशन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

१०) **संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

**निर्णयः** लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन तथा नियमावली २०८१ स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भई सकेकोमा स्थानीय सेवाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था बमोजिम बुद्धभूमि नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण को प्रारम्भिक मस्यौदामा छलफल भयो । यस नगरपालिकाको साविकमा स्वीकृत दरबन्दीको अधिनमा रही थप आर्थिक दायित्व सृजना नहुने गरी पद तथा दरबन्दीहरू हेरफेर गर्ने सम्बन्धमा प्राप्त सुझावहरू समेटी प्रतिवेदन तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

११) विविध

क) **दमकल व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको वारूण यन्त्र खरिद भई आएको हुँदा वारूण यन्त्र सञ्चालनको लागि वडा नं. २ मा रहेको श्री शम्शेर दल गण गोरूसिङ्गेसँग सम्झौता गरी वारूण यन्त्र सञ्चालनको जिम्मेवारी दिने साथै वारूण यन्त्र सञ्चालन बापत लाग्ने सम्पूर्ण खर्च बुद्धभूमि नगरपालिकाको कार्यालयले व्यवस्थापन गर्ने तथा वारूण यन्त्र राख्ने स्थानको लागि ट्रस/सेड निर्माणको लागि प्राविधिक लागत अनुमानको बमोजिम रकम दिने तथा वारूण यन्त्रको लागि आवश्यक पर्ने सामाग्रीहरू समेत विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने साथै वारूण यन्त्र सञ्चालनको क्रममा आवश्यक पानीको लागि निश्चित प्वाइन्ट तोकि दिन वडाहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

ख) **८ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. ८ को च.नं. १०८६ मिति २०८२।०२।०९ गतेको पत्रानुसार वडा नं. ८ बस्ने सहन मुसलमानको छोरा महबुब मुसलमानको खोरमा मिति २०८२।०१।११ गते राति ११:३० बजे अचानक आगलागी हुँदा खोरमा रहेको सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग) **राष्ट्रिय बाल अधिकार परिषद्को पत्र सम्बन्धमा ।**

निर्णयः राष्ट्रिय बाल अधिकार परिषदको च.नं. १७३० मिति २०८२।०१।२८ गतेको पत्रानुसार प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धमा जानकारी प्राप्त भएकोले सम्पूर्ण वडा कार्यालयहरूलाई कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरी सडक बालबालिका भए/नभएको यकिन गरी नगरपालिकामा पत्राचार गर्ने निर्णय गरियो ।

घ) **भूमि समस्या आयोग सम्बन्धमा ।**

निर्णयः भूमि समस्या समाधान आयोग र बुद्धभूमि नगरपालिकाको समन्वयमा हुने यस नगरपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापनक्सा गर्ने कार्यको लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन कार्यविधि, २०८१ बमोजिम ब्लक कायम गरी नापजाँचको कार्य भई रहेको हुँदा उक्त कार्यमा खटिने जनशक्तिको लागि खाजाको लागि प्रतिदिन रू २००।– का दरले रकम उपलब्ध गराउने, कार्यालय व्यवस्थापन र नापजाँच कार्य सहयोग गर्ने २ जना चेनमेनलाई दैनिक ज्यालादारीमा रू. ६३०।– का दरले बढीमा २०८२ असार असार मसान्तसम्म दैनिक ज्यालादारीमा काममा लगाउने एवं उल्लेखित कार्यक्रमा भएको खर्च सोहौं नगरसभाबाट स्वीकृत

ध्रुव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार
नगर प्रमुख

बजेट पेज नं. ९ को सि.नं. १९ मा भूमि सम्बन्धी कामको लागि विनियोजित रू. ५ लाख मध्येबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

ङ) **माहामारी रोग लामखुट्टे (Mosquito Bio-Larvicide) नियन्त्रण गर्ने सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका भित्र माहामारी रोग नियन्त्रणका लागि लामखुट्टे नाशक जैविक विषादी Mosquito Bio-Larvicide - Bti 5% AS, डेंगु , मलेरिया, चिकनगुनिया, फिलारिया तथा जीका लार्भा र प्युपा नष्ट गर्ने औषधी खरिदको लागि विपद् व्यवस्थापन शिर्षकबाट रू. ५,००,०००।– (पाँच लाख) सम्मको कार्यान्वयन गर्ने निर्णय गरियो ।

०८१।१।२९
वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

२०८१।१।२९
केशव कुमार श्रेष्ठ
नगर प्रमुख